आज मिति २०८२ साल मंसिर महिनाको ४ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति:

१. अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
२. उपाध्यक्ष - श्री मिङमार ढोमा लामा
३. सदस्य - श्री खडग जंग गुरुङ
४. सदस्य - श्री मंगल देव गुरुङ
५. सदस्य - श्री विनोद लामा
६. सदस्य - श्री धावा छिरिङ लामा (का.वा. वडा अध्यक्ष)
७. सदस्य - श्री कैले गुरुङ
८. सदस्य - श्री दो पाल्मा लामा
९. सदस्य - श्री कान्छी गुरुङ
१०. सदस्य - श्री नविना परियार
११. सदस्य - श्री गम माया गुरुङ
१२. सदस्य - श्री गणेश घले
१३. सदस्य - श्री फूर्पा फिन्जो घले
१४. सदस्य सचिव- श्री विना देवी शर्मा

अन्य उपस्थितिहरु :

१. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
२. राम कुमार श्रेष्ठ प्रशासकीय अधिकृत, चामे गाउँपालिकाको कार्यालय
३. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय

**प्रस्तावहरु:**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा ।

२. नेपाल प्रहरीको बिल सम्बन्धमा ।

३. गाडी मर्मत बिल सम्बन्धमा ।

४. घरभाडा र स्वास्थ्य शाखा व्यवस्थापन सम्बन्धमा ।

५. घर अभिलेखिकरण कार्यविधी २०८२ सम्बन्धमा ।

६. स्थानीय बाल अधिकार समिति गठन तथा संचालन कार्यविधी २०८२ सम्बन्धमा ।

७. औषधीजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धमा ।

८. सार्वजनिक सुनुवाईको लागी स्थान तोक्ने सम्बन्धमा ।

९. विविध ।

**निर्णयहरु :**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा जिल्ला प्रहरी कार्यालयमा रहेको भवनमा पिडित सहायता कक्ष व्यवस्थापनको लागी फर्निचर व्यवस्थापन गरेको रु. ९८,४९५।३२ भुक्तानीको लागी जिल्ला प्रहरी कार्यालय बाट पेश भएकोमा उक्त रकम पालिकाको आ.व. २०८२/०८३ मा फर्निचर खरिद शिर्षकमा बिनियोजन भएको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा पालिकामा रहेको BAA 1525 नम्बरको स्कर्पियो जिप वि. वि. इनकरपोरेट प्रा. लि. (बतास) मा मर्मत गर्दा खर्च भएको रु.२,३२,७६७।८४ रकम पालिकाको गाडी मर्मत शिर्षकमा बिनियोजन भएको रकम बाट भुक्तानी दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा पालिकाको हाल स्वास्थ्य शाखा रहेको तथा कर्मचारी बसिरहेको चामे ४ मनाङको नुबु छिरिङ लामा र ईन्द्र कुमारी लामाको घरभाडा मंसिर मसान्त सम्म कायम रहने गरि पौष १ गतेबाट सम्झौता भंग गर्ने र यस कार्यालयले सुश्मा गुरुङलाई भाडामा लगाएको सटर मंसिर मसान्त सम्म मात्र कायम रहने गरि पौष १ गतेबाट सम्झौता भंग गरी स्वास्थ्य शाखा कार्यालयमै व्यवस्थापन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ को सम्बन्धमा यस पालिकामा पहिले निर्माण भएका घरहरुको नक्सा अभिलेखिकरण सम्बन्धमा पालिकाले तयार गरेको पुराना भवनहरुको अभिलेखिकरण तथा व्यवस्थापन सम्बन्धी मापदण्ड/कार्यविधी २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ को सम्बन्धमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम बाल अधिकार संरक्षण र सम्बर्धनको लागी यस चामे गाउँपालिकाले तयार गरेको स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधी २० ८२ स्वीकृत गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ को सम्बन्धमा स्वास्थ्य जन्य फोहोरमैला तथा म्याद समाप्त भएका औषधीहरुको व्यवस्थापन तथा नष्ट गर्ने ईन्क्याप्सुलेसन विधी प्रयोग गरि उचित व्यवस्थापन गर्न चामे गाउँपालिका वडा नं. १ तिमाङ स्थित तिमाङ आधारभूत स्वास्थ्य सेवा केन्द्रको हाताभित्र निर्माण गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ को सम्बन्धमा छलफल गर्दा चामे गाउँपालिकाको आ.व. २०८२/०८३ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८२/०८/२० गते वडा नं. १ तिमाङमा गर्ने निर्णय गरियो ।

९. चामे गाउँपालिका वडा नं. २ मा चामे स्वास्थ्य चौकी थान्चोकको भवन निर्माण कार्य सम्पन्न भएको, उक्त भवनमा विधुत वायरिङको कार्य नभएकोले उक्त भवनमा वाइरिङ कार्यको लागी भैपरि शिर्षकबाट घटने गरि चामे स्वास्थ्य चौकी थान्चोक वायरिङको लागी रु.   लाख विनियोजन गर्ने निर्णय गरियो ।

१०. चामे गाउँपालिकामा खेलकुद कार्यक्रमको लागी ल्याइएको जर्सी बापतको रकम रु. ४७,६००। सुरेश शु एण्ड फेन्सी स्टोर्स बेशिसहर ७, लमजुङलाई खेलकुदको लागी छुटाइएको बजेट बाट भुक्तानी दिने निर्णय गरियो ।